# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६५/७/२९ गते शुक्रवार देखि २०६५/८/५ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८० कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ४५५९ कारोवारबाट ४८ करोड ५४ लाख ८६ हजार रुपैयाँ बराबरका ५ लाख ४१ हजार ५ सय १७ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १२.७१ प्रतिशतले ह्रास भएको हो । गत साता ४३८९ शेयर कारोवारबाट ५५ करोड ६१ लाख ४८ हजार रुपैयाँ बराबरका ५ लाख ९९ हजार ३ सय २ कित्ता शेयरहरु खरीदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र २६ करोड ३१ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ५४.२० प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २३.४९ अंकले ह्रास भई अन्तिम दिन ७७०.३७ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७८४.१९ | ४३२.७९ | ३६४.३० | ७६३.६६ | ९९८.९२ | २२०.५४ | ७८०.०७ | १०१९.३७ | ११५६.५० | ७९३.८६ | २०६.५७ | ७८.०५ |
| दोस्रो | ७७०.३० | ४३२.७९ | ३६४.३० | ७२६.०७ | ९८२.०८ | २०८.७२ | ७७९.७९ | १००३.३७ | १११८.९३ | ७७४.१८ | २०२.५६ | ७६.५४ |
| तेस्रो | ७७१.७७ | ४३२.७९ | ३६४.३० | ७३४.२९ | ९६८.२६ | २०८.७२ | ७८०.१६ | ९९५.७७ | ११२३.९५ | ७७५.९९ | २०२.७३ | ७६.४४ |
| चौथो | ७६९.७५ | ४३२.७९ | ३६४.३० | ७५१.९१ | ९३४.८१ | २०८.७२ | ७८१.१६ | ९८५.७२ | ११०९.७६ | ७७६.५८ | २०१.८९ | ७६.०१ |
| पाँचौं | ७६४.९४ | ४३२.७९ | ३६४.३० | ७३८.९९ | ९२९.२० | २०८.७२ | ७८१.०९ | ९८२.७६ | ११०४.४३ | ७७०.३७ | २००.७७ | ७५.६० |
| परिवर्तन | -१९.२५ | ०.०० | ०.०० | -२४.६७ | -६९.७२ | -११.८२ | १.०२ | -३६.६१ | -५२.०७ | -२३.४९ | -५.८० | -२.४५ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ५.८० अंकले ह्रास भई २००.७७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१४ करोड ४१ लाख रुपैयाँ), शेयर संख्या (१ लाख ९९ हजार ) तथा कारोवार संख्या ( ५०३ ) को आधारमा नेपाल वंगलादेश वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल वंगलादेश वैंक | १४४.१० |
| २ | वैंक अफ काठमाण्डू | ३९.०२ |
| ३ | नेपाल इन्भेष्टमेन्ट वैंक | २७.२८ |
| ४ | स्ट्याण्र्डड चाटर्डड वैंक (नेपाल) | २७.०७ |
| ५ | नेपाल एसविआई वैंक | १७.५९ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।

## सूचिकरण तर्फ

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | कुमारी वैंक लिमिटेड | हकप्रद | १७,८२,७२० कित्ता |
| २ | नेपाल एक्सप्रेस फाइनान्स | हकप्रद | ३,००,००० कित्ता |

## अन्य गतिविधिहरु

सर्वसाधारण लगानीकताहरु तथा शेयर दलाल व्यवसायीहरु समेतबाट धितोपत्र दाखिल खारेज गर्न निवेदन परेमा सम्बन्धित कम्पनीले निवेदन परेको १५ दिनभित्र दाखिल खारेज गर्नुपर्ने भएपनि सो नभइरहेको गुनासो आइरहेको सनदर्भमा यस नेपाल स्टक एक्सचेञ्त्रजले सम्बद्ध पक्षहरुको सहभागीतामा मितिः २०६५/७/२९ गते शुक्रवार एक अन्तर्क्रिया कार्यक्रम संचालन गरेको थियो । कार्यक्रममा स्टक एक्सचेञ्ज सूचिकृत कम्पनी र दलाल व्यवसायीका प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा स्टक एक्सचेञ्जका महाप्रवन्धक रेवत बहादुर कार्कीले नामसारी तथा हस्ताक्षर प्रमाणीकरणका सम्बन्धमा बढीरहेको गुनासोलाई सम्बोधन गर्न सवै पक्षको सहकार्य हुनुपर्ने बताउनु भएको थियो । उहाँले यहि मंसीर १ देखि स्टक एक्सचेञ्जले शेयर नाामसारीका लागि निवेदन प्राप्त गरेको १५ दिनभित्र नामसारी गरी नपठाउने साथै धितोपत्र कारोवार हुनु अघि दाखिला खारेज निवेदनमा दस्तखत प्रमाणित गर्दा आवश्यक सावधानी नअपनाउने कम्पनीको शेयर कारोबार स्थगीत गरी कार्वाही प्रक्रिया अघि बढाउन लागेको सन्दर्भमा सरोकारवालाहरुको त्रिपक्षिय अन्तक्रिया कार्यक्रम गरिएको जानकारी दिनुभयो । 'यसका लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित सवैलाई कात्तिक मसान्त सम्मको समय दिएका छौं'- उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल इन्स्टिच्युट अफ कम्पनी सेक्रेटरीजका अध्यक्ष विनय रेग्मीले कम्पनी नामसारी प्रक्रियालाई सहज बनाउन एकअर्कामा दोषारोपण नगरी पारस्परिक सहयोगमा काम गर्न सकिने बताउनुभयो । 'कम्पनी ऐनमा व्यवस्था भएपनि १५ दिन अगाडी नै शेयर दाखिल खारेजको प्रक्रिया सम्पन्न गर्न सकिन्छ'- उहाँले भन्नुभयो । उपत्यका बाहिर रहेका कम्पनीको हकमा भने उल्लेखित प्रावधान व्यवहारीक नभएकोले यसमा पुनर्विचार गर्नुपर्ने उहाँले औंल्याउनुभयो ।

यसैगरी नेपाल धितोपत्र दलाल व्यवसायी संघका महासचिव अञ्जन राज पौडेलले नामसारी प्रक्रियालाई छिटोछरितो बनाउन सम्बद्ध सवै पक्षको सहकार्यमा जोड दिनुभयो । उहाँले शेयर लगानीकर्तालाई सम्बद्ध कम्पनीको मालिक ठानेर सोही अनुसार व्यवहार गरेको खण्डमा नामसारी लगायतका प्रक्रिया सहज हुने विचार व्यक्त गर्नुभयो ।

अन्तक्रिया कार्यक्रमका अन्य सहभागीहरुले शेयर रजिष्ट्रारको रुपमा काम गर्ने संस्था, उसले लिने शूल्क, उपत्यका बाहिर रहेका कम्पनीले शेयर रजिष्ट्रेशन प्रयोजनका लागि काठमाडौंमा सम्पर्क कार्यालय खोल्ने, धितोमा राखिएको शेयर फुकुवा नहुदै विक्रीमा जाने, नामसारी प्रक्रियालाई समसामयिक बनाउनुपर्ने लगायतका समस्या उठाएका थिए । उल्लेखित सम्पुर्ण मुद्दालाई समग्रमा समाधान गर्न स्टक एक्सचेञ्ज, सूचिकृत कम्पनी र शेयर दलाल व्यवासायीको एक कार्यदल निर्माण गर्ने सहमती कार्यक्रममा भएको छ ।